# दक्षिणकाली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४७१००२८

प.सं.: २०८०/०८१
च.नं.: १०६०

मिति : २०८०/०८/२०

विषय : तहवृद्धिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना ।

श्री वडा कार्यालयहरु (सबै),
श्री शाखा/उपशाखा/एकाई/केन्द्र/इकाई (सबै),
श्री दक्षिणकाली नगर अस्पताल/आयुर्वेद औषधालय/स्वास्थ्य संस्था (सबै),
दक्षिणकाली नगरपालिका ।

बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० मा भएको व्यवस्था बमोजिम तह वृद्धिको लागि आवश्यक योग्यता र सेवा अवधि पुगेका यस नगरपालिका र न.पा. अन्तर्गतमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुले तहवृद्धिको लागि निवेदन साथ देहायका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालयमा निवेदन पेश गर्नु हुन यस कार्यालयको मिति २०८०/०८/२० को निर्णयानुसार अनुरोध छ ।

देहाय :

क) तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुगेको खुल्ने कागजातहरु,
ख) तहवृद्धिको लागि ऐनमा तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्रको प्रतिलिपि,
ग) पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम ।

(मधु अर्याल खनाल)
प्रमुख प्रशासकीय अधिकृत